टोखा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ०१ संख्याः ०७ मितिः जेठ २४, २०७५


नेपालको संविधान, २०७२ को अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम टोखा नगरपालिकाको नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## भाग-१

## टोखा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

प्रस्तावनाः नेपालको संविधान, २०७२ को अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को

दफा १०२ को उपदफा (१) बमोजिम टोखा नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

१. <u>संक्षिप्त नाम, विस्तार र प्रारम्भ</u> : (१) यो ऐनको नाम **"टोखा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५"** रहेको छ ।

(२) यो ऐन टोखा नगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. <u>परिभाषा</u> : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) **"ऐन"** भन्नाले टोखा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) **"कार्यपालिका"** भन्नाले टोखा नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) **"नगरपालिका"** भन्नाले टोखा नगरपालिका सम्झनु पर्छ ।

(घ) **"सभा"** भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ ।

(ङ) **"संविधान"** भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. <u>नियम बनाउने अधिकार</u> : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु

पर्ने कार्यविधि नियमित गर्नको निमित्त टोखा नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेः** संविधान, ऐन तथा यस ऐन अर्न्तगत बनेको नियमावलीको अधीनमा रही टोखा नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

**आज्ञाले,**

**कृष्ण प्रसाद सुबेदी**

**प्रमुख प्रशासकीय अधिकृत**

**प्रमाणीकरण मिति : २०७५/०२/२४**